बोगटान फुड्सिल गाउँपालिका

# आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६

खण्ड : २ संख्या : ९ मिति : २०७६/०९/२६

भाग २ बोगटान फुड्सिल गाउँपालिका

# आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७६

**प्रस्तावना :–** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपक्षे गरिविको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पिडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति असक्त अपांग र पुर्ण अशक्त अपांग, बेवास्तामा परेका जेष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धि कानुन वनाउल बाञ्छनिय भएकोले बोगटान फुड्सिल गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्य बिधिको नाम " बोगटान फुड्सिल गाउपालिका आर्थिक सहायता सम्बन्धि कार्यबिधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा :** बिषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले बोगटान फुड्सिल गाउँपालिकालाई सम्भन्नु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले बोगटान फुड्सिल गाउँकार्यपालिकालाई सम्भन्नु पर्छ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्याक्ति" भन्नाले निरपेक्ष गरिबिको रेखा मुनि रहेको भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अंगहरुमा रोगि एवंम क्यान्सर पिडित व्याक्तिहरु, घरेलु हिसां, यौन हिसांबाट आक्रान्त र पिडित एवंम बेचबिखनमा परेका महिलाहरु, जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएको वा वेबारिसे अबस्थामा फेला परेको, ऋणको कारणले बन्धकमा परेको वा जबरजस्ती श्रमबाट पिडित भएको, शारिरीक वा मानशिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पिडित, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पिडित, बाबु, आमा वा संरक्षकबाट वञ्चित, अपांगता भएको सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भि एड्सबाट संक्रमित बालबालिका, बेसाहारा बृद्धवृद्धा, द्वन्द पिडित बुभ्नु पर्दछ ।

(घ) "न्यायिक समिति" भन्नाले बोगटान फुड्सिल गाउँपालिका अन्तर्गतको न्यायिक समिति सम्भन्नु पदर्छ ।
(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्भन्नु पदर्छ ।

(च) "गाउँपालिका अध्यक्ष" भन्नाले बोगटान फुड्सिल गाउँपालिकाको अध्यक्षलाई सम्भन्नु पदर्छ ।

## परिच्छेद – २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायता :–** (१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगि (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पिडित व्याक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले बिपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट लगायतका कागजात बुझ्नु पदर्छ ।

(२) उपखण्ड (१) बमोजिम निवेदन माथि गाउँपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिने निर्णय गरेमा विरामीको अवस्था हेरि रु. पाचँ हजार देखि चालिस हजार सम्म आर्थिक सहायता दिई नि.शुल्क उपचारको लागि समेत सिफरिस गर्न सकिने छ ।

(३) बीस हजार सम्मको आर्थिक सहायता गाउँपालिका अध्यक्ष संगको समन्वयमा प्रमुख प्रशासकिय अधिकृत र सो भन्दा माथिको सहायता गाउँकार्यपालिकाको निणर्य बमोजिम दिईनेछ ।

**४. हिंसा पिडित तथा बेचबिखनमा परेकालाई सहायता :–** (१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पिडित एवंम बेचबिखनमा परेका महिलाहरुको तत्काल उद्धार गरि जिवनयापनको लागि गाउँकार्यपालिकाको निणर्यानुसार रु. १०,००० /– (दस हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(२) पीडितलाई न्याय दिलाउन एवंम पुनर्स्थापनाको लागि न्यायिक समिती मार्फत आवश्यक पहल गरीनेछ ।

**५ आर्थिक रुपले विपन्न र पीडित बालबालिकालाई सहायता :–** (१) आर्थिक कारणले जोखिम पूर्ण श्रममा संलग्न भएको, हराएको वा वेवारिसे अवस्थामा फेला फरेको, ऋणको कारणले बन्धपकमा परेको वा जवरजस्ति श्रमबाट पिडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेको, प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुर संग सम्बन्धित रहेको कारणले वेवारिसे रहेको, यौन शोषण, यौन दुर्व्यवहार, बेचबिखन वा ओसारपसारमा परेको, हिंसा पिडित, बाबु, आमा वा संरक्षणबाट बंञ्चित, अपांगता भएको, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेको सडक बालबालिका, एच.आई.भि एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरि पालन पोषणको लागि गाउँकार्यपालिकाको निणर्यानुसार रु.१०,०००/– (दस हजार) सम्म आर्थिक उपलब्ध गराउन सकिनेछ ।

(२) उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालन पोषणको लागि बालउद्धार गृहको आर्थिक सहायता सम्बन्धि कार्यबिधि २०७६ बमोजिम संस्थागत बिद्यालय संग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालन पोषणको व्यापबस्था गर्न सकिनेछ ।

**६. आर्थिक रुपले बिपन्न गर्भवति महिला तथा सुत्केरी आमाहरुलाई सहायता :–** (१) आर्थिक रुपले विपन्न तीन महिना सम्म पनि खान नपुग्ने भनि प्रमाणित परिवारका गर्भवति महिला एवम सुत्केरी आमाको पालन पोषणको लागि बढिमा दुई पटक गर्भवति हुदाँ वा सुत्केरी हुदाँ रु. ५०००/– (पाचँ हजार) आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ । तर दुई पटक भन्दा बढि गर्भवति हदाँ वा सुत्केरि हुदाँ उक्त सहायता उपलब्ध गाराईने छैन ।

(२) उपखण्ड (१) बमोजिम सहायता पाउन गर्भवति महिला वा सुत्केरी आमाले आफै वा पति वा परिवारको कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन ।

**७. बेवास्तामा परेका ज्येष्ठ नागरिकलाई सहायता :–** दलित ज्येष्ठ नागरिकको हकमा ६० वर्ष उमेर पुगेका र अन्यको हकमा ७० बर्ष उमेर पुगेका परिवारका सदस्यले वेवास्ता गरेका बिपन्न, रोगि एवंम अशक्त ज्येष्ठ नागरिकले आर्थिक सहायताको लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मनासिप भएमा रु.५०००/– (पाचँ हजर) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाको लागि आवश्यक पहल गर्न सकिनेछ ।

**८. अति अशक्त अपांग र पुर्ण अशक्त अपांगलाई सहायता :–** (१) आर्थिक रुपले विपन्न अति अशक्त अपांग र पुर्ण अशक्त अपांगको पालन पोषणको लागि रु. १०,०००/– (दश हजार) सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पुर्ण अशक्त अपांगको परिचयपत्र सहित गाउँपालिका कार्यालयमा निवेदन पेश गर्न सकिनेछ ।

## परिच्छेद – ३

## विविध

**९. निवेदनको ढाचाँ :–** खण्ड ३,४,५,६,७ र ८ अनुसार सहायता पाउन अनुसुचि –१ को ढाचाँमा निवेदन दिनु पर्नेछ ।

**१०. अधिकार प्रत्यायोजन गर्न सकिने :–** यस कार्यबिधि अनुसार आर्थिक सहायता सम्बन्धि निणर्यको अधिकार गाउँपालिकाले गाउँपालिका अध्यक्ष वा प्रमुख प्रशासिकिय अधिकृतलाई दिन सक्नेछ ।

**११. कोष :–** (१) यस कार्यबिधि अनुसार आर्थिक सहायता दिने एवंम प्राकृतिक तथा गैर प्राकृतिक प्रकोप पिडितलाई राहत,उद्धार तथा उर्नस्थापना गर्ने र आकस्मीक कार्यमा प्रयोग गर्ने प्रयोजनको लागी विपद् व्यवस्थापन कोष बाट खर्च गरिने छ ।

(२) उक्त कोषमा देहायको रकम जम्मा गरिनेछ :–

(क) संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकारबाट कोषको लागी प्राप्त अनुदान,

(ख) सरकारी तथा गैर सरकारी संघसंस्थाबाट आकस्मीक कार्य (आर्थिक सहायता, प्रकोप पिडित राहत) को लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, प्राकृतिक प्रकोप पिडितको उद्धार, राहत तथा पुर्नस्थापनाको लागी प्राप्त जुनसुकै रकम ।

(३) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आकस्मीक कोष सम्बन्धि अन्य ब्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**अनुसुचि – १**
**(खण्ड ९ सँग स्रम्बन्धित)**

**मिति :–**

श्रीमान् गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकिय ज्यू
बोगटान फुड्सिल गाउँपालिका, चवराचौतारा, डोटी (सुदुरपश्चिम प्रदेश)

**विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................रोगले ग्रसित भई .............................गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निशुःल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस तथा हल गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल :**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ...................................

## निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**(खण्ड ९ सँग सम्बन्धित)**

**मिति :–**

श्रीमान् गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकिय ज्यू
बोगटान फुड्सिल गाउँपालिका, चवराचौतारा, डोटी (सुदुरपश्चिम प्रदेश)

**विषय :- आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी....................................भएको/ .............................. व्यक्ति ............... भएको व्यहोरा अवगत गराउदछु/छौं । ............................ आर्थिक अवस्था नाजुक भएको, तत्काल ............. गर्न जरुरी रहेकोले..................को लागि तहा कार्यालयको नियम अनुसार आर्थिक सहायता उपलब्ध गराई................ समेत गर्दिन हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिल :**

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/..................को प्रतिलिपि
३. ...........................................................................
. ................................... ..........................................

## निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |